# रेड कार्यान्वयन केन्द्रको समृद्धिका लागि वन कार्यक्रमको शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८२

नेपालका विभिन्न विश्वविद्यालय अन्तर्गतका शैक्षिक संस्थामा अध्ययनरत इच्छुक विद्यार्थीबाट वन संरक्षण तथा व्यवस्थापनमा सहयोग पुग्ने विषयमा शोधपत्र तयार गर्नका लागि अनुसन्धान सहयोग उपलब्ध गराउने उद्देश्यले परियोजना संचालन म्यानुअलले दिएको अधिकार प्रयोग गरी रेड कार्यान्वयन केन्द्रको विश्ववैङ्कको अनुदानमा सञ्चालित समृद्धिका लागि वन कार्यक्रमको POM (Project Operation Manual) ले दिएको अधिकार प्रयोग गरी समृद्धिका लागि वन कार्यक्रमले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद - १

### प्रारम्भिक

**१ संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम "रेड कार्यान्वयन केन्द्रको विश्ववैङ्कको अनुदानमा सञ्चालित समृद्धिका लागि वन कार्यक्रमको शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८२" रहेको छ ।

(ख) यो कार्यविधि समृद्धिका लागि वन कार्यक्रमको PMU बाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

**२ परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "शोधपत्र" भन्नाले मान्यता प्राप्त विश्वविद्यालय वा अन्तर्गतका शैक्षिक संस्थामा अध्ययनरत विद्यार्थीहरुद्वारा स्नातकोत्तर तहको अध्ययनको आंशिक भाग पुरा गर्नको लागि गरिने अध्ययन अनुसन्धान सम्झनु पर्नेछ ।

(ख) "शोधपत्र अनुसन्धान सहयोग" भन्नाले सम्बन्धित शोधपत्रको लागि शैक्षिक संस्था र रेड कार्यान्वयन केन्द्रको विश्ववैङ्कको अनुदानमा सञ्चालित समृद्धिका लागि वन कार्यक्रमको स्विकृत वार्षिक कार्यक्रम बमोजिमको शोधपत्र तयार गर्न अध्ययन अनुसन्धान वापत तोकिएको रकम सम्झनु पर्दछ ।

(ग) "शैक्षिक संस्था" भन्नाले अनुसूची १ मा उल्लेखित विश्वविद्यालयहरु वा सोको आंगिक वा सम्बन्धन प्राप्त शिक्षण संस्था सम्झनु पर्दछ ।

(ङ) "शोधकर्ता" भन्नाले परिच्छेद २ मा तोकिए बमोजिमको विषयमा शोधपत्र तयार गर्ने विद्यार्थी सम्झनु पर्दछ ।

(च) "कार्यक्रम कार्यान्वयन इकाई" भन्नाले यस रेड कार्यान्वयन केन्द्रको अन्तर्गत रहेको समृद्धिका लागि वन कार्यक्रमको PMU सम्झनु पर्दछ ।

## परिच्छेद - २

### शोधपत्र सम्बन्धि व्यवस्था

**३ शोधपत्र तयार गर्दा समेट्नु पर्ने विषवस्तु :**

नेपालको वन संरक्षण तथा व्यवस्थापन, वन डढेलो, वन उद्यम विकास, वन सम्वर्द्धनमा आधारित प्रणाली, वन क्षेत्रमा लैङ्गिक तथा समाजिक समावेशीकरणसंग सम्बन्धित निम्न बिषयबस्तु समेट्ने शिर्षकमा शोधपत्र तयार गर्नुपर्ने छ । यसरी शोधपत्र तयार गर्दा स्थलगत अध्ययन गरी प्राथिमक श्रोतको तथ्याङ्क संकलन गर्ने कार्यलाई प्राथमिकता दिनु पर्नेछ ।

१ वनको संरक्षण तथा व्यवस्थापन सम्बन्धि अध्ययन

- विभिन्न प्रकारका वन व्यवस्थापन प्रणाली अनुसार लुम्विनी तथा चुरे, दुन, भावर र तराई मधेश क्षेत्रमा हुन सक्ने औषत वार्षिक वृद्धिदर (MAI)
- वन उद्यम काष्ठ उद्योग बाँस, निगालो, बावियो तथा अन्य NTFPs/MAPs हरुको आर्थिक मूल्य वृद्धि सम्भाव्यता परीक्षण र प्रविधि विकास
- वन क्षेत्रमा आगलागी/ चरिचरणको अवस्था, सोको प्रभाव, नियन्त्रण
- स्थानीय तहको निजी वन तथा सार्वजनिक वन विकास
- मिचाहा वनस्पति प्रजातिको उपस्थित, फैलावट, असर र नियन्त्रणका विधि
- वनजन्य पदार्थमा आधारित उद्योगको सम्भाव्यता अध्ययन
- लुम्विनी तथा मधेस प्रदेशमा वृक्षारोपणको प्रभावकारीता
- पर्यापर्यटन उद्यम विकास

२ सामजिक-आर्थिक क्षेत्र सम्बन्धि अध्ययन

- समुदायमा आधारित वन व्यवस्थापनमा सुशासनको अवस्था
- संरक्षणका कार्यक्रमहरुको सामाजिक र आर्थिक पक्षहरु
- वन संरक्षण तथा व्यवस्थापन कार्यक्रमको बजेट र कार्यक्रम कार्यान्वयनको प्रभावकारिता
- आदिवासी जनजाती तथा समुदायको प्राकृतिक स्रोत र समुदायबीच अन्तर सम्बन्ध, जडिबुटी तथा गैह्रकाष्ठ प्रजातीको प्रयोग सम्बन्धि परम्परागत ज्ञान र निर्भरता
- प्रकृती संरक्षणमा लैंगिक तथा सामाजिक समाबेशीकारणको अवस्था
- लुम्विनी तथा मधेस क्षेत्रमा भइरहेका संरक्षण र व्यवस्थापनका कार्यहरुमा लैङ्गिक समावेशिता तथा सामाजिक आर्थिक सम्मिलन अध्ययन
- मानव पर्यावरण (Human ecology)
- पर्यावरणीय राजनीति (Political ecology)
- लुम्विनी तथा मधेस क्षेत्रमा कृषि वन प्रणालीको अवस्था तथा विकास
- खुला चरिचरन र बँधुवा पशुपालनबीच तुलनात्मक अध्ययन (आर्थिक, सामाजिक र वातावरणीय पक्ष)
- परम्परागत भिरालो खेती र खनजोत कम गर्नु पर्ने बहुवर्षीय खेती प्रणालीबीच तुलनात्मक अध्ययन (आर्थिक, सामाजिक र वातावरणीय पक्ष)

३ जलवायु तथा यसको परिवर्तन सम्बन्धि अध्ययन

- जलवायू परिवर्तनको अवस्था र कार्वन मापन

- जलवायु परिवर्तन अनुकुलन र न्यूनीकरण
- चुरे क्षेत्रका नदी प्रणालीमा Hydrological तथा Metrological अवस्था
- सामुदायिक वन क्षेत्रहरुमा कार्बनको अवस्था
- वन डढेलोवाट हुने कार्बन उत्सर्जनको अध्ययन
- रेड प्लस सम्वन्धि अध्ययन
- जलबायु परिवर्तनले निम्त्याएको खडेरी, वर्षा प्रणालीमा बदलाव र कृषि उत्पादनमा प्रभाव

४ भू-उपयोग तथा भूछत्र सम्बन्धि अध्ययन

- लुम्विनी तथा मधेस क्षेत्रमा भू-उपयोग/भू-छत्रमा आएको परिवर्तन सम्बन्धि अध्ययन
- भू-उपयोग सम्बन्धि कानूनी व्यवस्था र यसको भू-उपयोग/भु-छत्र परिवर्तनमा प्रभाव
- खोला/नदीको प्राकृतिक क्षेत्र र भू-उपयोग सम्बन्धि कानूनी व्यवस्था

५ सिमसार तथा जलस्रोत सम्बन्धि अध्ययन

- ताल तलैया र तीनको अवस्था तथा उपयोग
- भूमिगत जलश्रोत र खोलानाला
- पानीका स्रोत संरक्षण/ सिमसार क्षेत्रको संरक्षण तथा बहु उपयोग सम्बन्धि अध्ययन

६ वन जन्य उद्योग तथा पर्यापर्यटन अध्ययन

- मुल्य श्रृखला, काष्ठ प्रविधि विकास
- वन, वनस्पति, वन्यजन्तु, सिमसार लगायतका प्राकृतिक स्रोतको व्यवस्थापन र पर्यापर्यटन
- आदिवासी जनाजातीको परम्परागत उद्योग तथा वजारीकरण तथा मुल्य अभिवीद्धि

७ विकास र संरक्षण सम्बन्धि अध्ययन

- वातावरण मैत्री बिकास निर्माण कार्य
- सडक तथा अन्य बिकास निर्माण कार्यबाट निस्कासित मलिलो माटोको क्षयीकरण र उपयोग
- सडक तथा अन्य भौतिक पूर्वाधार निर्माण कार्यले भू-स्खलन/पहिरो तथा खोला नदीमा पारेको प्रभाव

## परिच्छेद - ३

## आवेदन सम्बन्धी व्यवस्था

**४ आवेदनको सूचना**

केन्द्रले स्वीकृत बजेटको आधारमा शोधपत्र अनुसन्धानको ढाँचा उल्लेख गरी सहयोग उपलब्ध गराउने २१ दिने सूचना राष्ट्रिय दैनिक पत्रिका, केन्द्रको सूचना पाटि तथा वन तथा वातावरण मन्त्रालय वा केन्द्रको वेव साइटमा प्रकाशित गर्नेछ ।

**५ आवेदकको योग्यता**

यस कार्यविधि बमोजिम आवेदन गर्दा निम्न बमोजिमको योग्यता र प्रकृया पुगेको हुनु पर्नेछ :-

(क) शोधपत्र कार्यक्रममा सहभागी विद्यार्थी मान्यता प्राप्त शैक्षिक संस्थामा स्नातकोत्तर तहको थेसिस

तयार गर्ने वा प्रस्ताव छनोटको चरणमा (वार्षिक प्रणाली भए दोश्रो वर्ष र सेमेस्टर प्रणाली भए तेश्रो वा चौथो सेमेस्टर) अध्ययनरत हुनुपर्नेछ ।

(ख)परिच्छेद २ मा उल्लेखित बिषयबस्तु समेट्ने शिर्षक सम्बन्धि शोधपत्र प्रस्ताव तयार गर्नु पर्नेछ ।

**६ आवेदन साथ पेश गर्नु पर्ने कागजातहरु**

(क) अध्ययनरत शैक्षिक संस्थाको शोधपत्रको शिर्षक सहितको सिफारिस पत्र ।

(ख)नेपाली नागरिकताको प्रमाणपत्र ।

(ग) स्नातक तह र अध्ययनरत स्नातकोत्तर तहको प्रथम वर्ष वा थेसिस तयार गर्ने वा प्रस्ताव छनोट गर्ने भन्दा पहिलेको (प्रथम/ द्वितीय/ तृतीय) सेमेस्टरको प्रमाणपत्रको छायाँकपि । द्वितीय वा तृतीय सेमेस्टरको प्रमाणपत्र प्राप्त नभैसकेको अवस्था भएमा प्रथम सेमेस्टरको प्रमाणपत्रको छायाँकपि ।

(घ) शोधपत्रको प्रस्तावको ढांचा अनुसूची-३ मा उल्लेख भए बमोजिम हुनेछ ।

(ङ) आवेदनकर्ताले अनुसूची-२ मा तोकिएको आवेदन फाराम भरी सूचनामा उल्लेख भए अनुसारको ढाँचामा तयार पारिएको अनुसन्धान प्रस्तावको छायाँकपि (हार्ड कपि दुइ प्रति र सफ्ट कपि) पेश गर्नु पर्नेछ ।

## परिच्छेद - ४

## शोधपत्र प्रस्ताव मूल्याङ्कन

**७. मूल्याङ्कन समिति गठन तथा शोधकर्ता छनोट**

(क) केन्द्रको एकजना सदस्यको संयोजकत्वमा कार्यरत कर्मचारी सहित कम्तिमा पाँच सदस्यीय मूल्याङ्कन समिति गठन हुनेछ ।

(ख) प्रस्ताव मूल्याङ्कनका लागि आवश्यकता अनुसार शैक्षिक/प्राज्ञिक निकायका विज्ञहरुको सहयोग समेत लिन सकिनेछ ।

(ग) मूल्याङ्कन समितिले अनुसूची-३ बमोजिमको प्रस्ताव र शोधकर्ताका कागजात अनुसूची-४ मा उल्लेखित आधारहरुमा मूल्याङ्कन गराई योग्यताक्रम अनुसारको सूची तयार गरी केन्द्र प्रमुख समक्ष पेश गर्नुपर्ने छ ।

(घ) सहयोग प्राप्त गर्न समग्रमा कम्तिमा ६०% अंक प्राप्त गरेको हुनुपर्नेछ । योग्यताक्रम अनुसार समितिको स्वीकृत कार्यक्रममा तोकिएको संख्या अनुसार शोधपत्र अनुसन्धान सहयोग कार्यक्रमको लागि शोधकर्ता छनोट गरिनेछ । अन्य उम्मेद्वारहरु बैकल्पिक सूचिमा रहनेछन ।

(ङ) समितिले छनोट भएका शोधकर्ताहरुलाई शोध प्रस्तावको प्रस्तुतीकरण समेत गराउन सक्नेछ ।

(च) छनोट भएको शोधकर्ताले तोकिएको समयावधि भित्र सम्झौता नगरेमा वा सम्झौता नगर्ने लिखित जानकारी गराएमा बैकल्पिक सूचिका उम्मेद्वारले योग्यताक्रम अनुसार प्राथमकिता पाउनेछन् ।

## परिच्छेद - ५

## शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने व्यवस्था

**८. शोधपत्रको सम्झौता सम्बन्धि व्यवस्था**

रेड कार्यान्वयन केन्द्र सँग सम्झौता गरेका शोधपत्रकर्ता र रेड कार्यान्वयन केन्द्र बिच अनुसूचि-६ मा उल्लेखित ढांचा बमोजिम एक सम्झौता गर्नुपर्ने छ ।

**९. शोधपत्र अनुसन्धान सहयोग सम्बन्धी व्यवस्था :**

शोधपत्र अनुसन्धान सहयोग वापत स्वीकृत कार्यक्रम तथा बजेट अनुसार दामासाहीले सहयोग रकम उपलब्ध गराइनेछ ।

**१०. शोधपत्र अनुसन्धान सहयोग रकम भुक्तानीको तरिका**

(क) छनोट भएका शोधकर्तालाई बढीमा दुई किस्तामा रकम उपलब्ध गराइनेछ । सम्झौता पश्चात प्रथम किस्ता अन्तर्गत कुल उपलब्ध हुने रकमको ३०% रकम उपलब्ध गराइनेछ ।

(ख)सम्बन्धित शैक्षिक संस्थाबाट स्वीकृत भएको शोधपत्रको एक प्रति Hard copy, soft copy र रकम भुक्तानीको सिफारिस पत्रसाथ शोधपत्र सहयोगको रकम भुक्तानीको लागि सम्बन्धित शोधकर्ताले निबेदन पेश गरेमा बाँकि ७०% रकम उपलब्ध गराइनेछ ।

(ग) निबेदन पश्चात रेड कार्यान्वयन केन्द्रको नियमानुसार सम्बन्धित शोधपत्रकर्तालाई तोकिएको रकम उपलब्ध गराइनेछ ।

**११. देहायको अवस्थामा शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने व्यवस्थाको स्वतः समाप्त हुनेछ ।**

(क) विश्वविद्यालय/शैक्षिक संस्थाले शोधपत्र नियमित नगरेको वा छाडेको भन्ने जानकारी गराएमा ।

(ख) सम्बधित शोधकर्ता स्वयंमले शोधत्रपत्रको कार्य बिचैमा छाडेमा वा गर्न नसक्ने लिखित जानकारी गराएमा ।

(ग) विश्वविद्यालय / शैक्षिक संस्थाबाट शोधपत्र अस्वीकृत भएमा वा सोको जानकारी सम्बन्धित शैक्षिक संस्थाबाट प्राप्त भएमा ।

(घ) शोधकार्यको प्रस्ताव अनुरूप स्वीकृत शोधकार्य नभएको पाइएमा ।

(ङ) पेश्कीस्वरुप उपलब्ध गराइएको शोधपत्र अनुसन्धान सहयोग रकम स्वीकृत शोधपत्र साथ तोकिएको थप समयमा समेत फछर्योट नगरेमा सम्झौता स्वतः समाप्त हुनेछ र रकम फिर्ता गराउने जिम्मेवारी सम्बन्धित शैक्षिक संस्थाको हुनेछ ।

(च) शोधकर्ताले कुनै संस्था वा निकायबाट स्वतः पाउने सहयोग बाहेक सोहि शोध शिर्षकमा अन्य संस्था वा निकायसंग शोधपत्रको लागि प्रतिस्पर्धाबाट छनोट भै सम्झौता गरेमा वा गरेको जानकारी लिखित रुपमा प्राप्त भएमा ।

## परिच्छेद — ६

## विविध

**१२. शोधकार्यको समयावधि सम्बन्धि व्यवस्था**

(क) शोधपत्रको ढांचा सम्बन्धित शैक्षिक संस्थाले निर्धारण गरे बमोजिम हुनेछ । सो ढाँचाले कम्तिमा अनुसूची ५ मा उल्लेख भएका बुंदा समावेश गरेको हुनुपर्नेछ ।

(ख) शोधकर्तालेे पेश गरी स्विकृत भएको प्रस्तावमा उल्लेखित समयावधिलाई आधार मानी समयसिमा तोकिनेछ ।

(ग) दफा (ख) बमोजिम समय सिमा तोक्दा सम्बन्धित आर्थिक वर्ष भित्रै रकम भुक्तानी कार्य समेत सम्पन्न हुनेगरी समयसिमा तोक्नुपर्नेछ ।

**१३. कार्यविधिको प्रयोग र पालना :**

(क) यो कार्यविधिको प्रयोग र पालना गर्ने गराउने दायित्व शोधकर्ता, सम्बन्धित शैक्षिक संस्था तथा सरोकारवाला सबैको हुनेछ ।

**१४. कार्यविधिको व्याख्या :**

(क) यस कार्यविधिमा स्पष्ट उल्लेख भएकोमा बाहेक अन्य कुनै पनि विषयमा द्विविधा उत्पन्न भएमा त्यसको व्याख्या गर्ने अधिकार रेड कार्यान्वयन केन्द्र/FFPP, PMU लाई हुनेछ ।

(ख) यस कार्यविधिको प्रयोग गर्दा कुनै पक्षलाई मर्का परी चित्त नबुझेमा त्यस्तो पक्षले सदस्य सचिव मार्फत रेड कार्यान्वयन केन्द्रमा मुल्याङ्कन समितिलाई निवेदन दिन सक्नेछ । प्राप्त निवेदन माथि छानविन गरी रेड कार्यान्वयन केन्द्रले गरेको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

**१५. बाझिएमा गर्ने :**

यस कार्यविधिमा उल्लेख भएका कुराहरु बाझिएमा विश्वबैङ्कको सम्झौता तथा POM अनुसार नै हुनेछ ।

## अनुसूची – १

## शोधपत्र का लागि तोकिएका शैक्षिक संस्थाहरु

| क. सं. | विश्वविद्यालय |
|---|---|
| १ | त्रिभुवन विश्वविद्यालय वा सो संग सम्बन्धन प्राप्त शिक्षण संस्थाहरु |
| २ | नेपाल संस्कृत विश्वबिध्यालय वा सो संग सम्बन्धन प्राप्त शिक्षण संस्थाहरु |
| ३ | कृषि तथा वन विश्वविद्यालय वा सो संग सम्बन्धन प्राप्त शिक्षण संस्थाहरु |
| ४ | काठमाडौं विश्वविद्यालय वा सो संग सम्बन्धन प्राप्त शिक्षण संस्थाहरु |
| ५ | पोखरा विश्वविद्यालय वा सो संग सम्बन्धन प्राप्त शिक्षण संस्थाहरु |
| ६ | पूर्वाञ्चल विश्वविद्यालय वा सो संग सम्बन्धन प्राप्त शिक्षण संस्थाहरु |
| ७ | पश्चिमाञ्चल विश्वविद्यालय वा सो संग सम्बन्धन प्राप्त शिक्षण संस्थाहरु |
| ८ | मध्य पश्चिमाञ्चल विश्वविद्यालय वा सो संग सम्बन्धन प्राप्त शिक्षण संस्थाहरु |
| ९ | सुदुर पश्चिमाञ्चल विश्वविद्यालय वा सो संग सम्बन्धन प्राप्त शिक्षण संस्थाहरु |
| १० | लुम्बिनी बुद्द विश्वविद्यालय वा सो संग सम्बन्धन प्राप्त शिक्षण संस्थाहरु |
| ११ | राजर्षी जनक विश्वविद्यालय वा सो संग सम्बन्धन प्राप्त शिक्षण संस्थाहरु |
| १२ | गण्डकी विश्वविद्यालय वा सो संग सम्बन्धन प्राप्त शिक्षण संस्थाहरु |
| १३ | नेपाल खुल्ला विश्वविद्यालय वा सो संग सम्बन्धन प्राप्त शिक्षण संस्थाहरु |
| १४ | नेपाल सरकारबाट मान्यता प्राप्त अन्य विश्वविद्यालय वा सो संग सम्बन्धन प्राप्त शिक्षण संस्थाहरु |

## अनुसूची-२

## आवेदन फारम

आवेदन गरेको शैक्षिक कार्यक्रम

...................................................................................................................

शोधत्रपत्र कर्ताका नामः (देवनागरिक लिपिमा)

.................................................................................................

शोधत्रपत्र कर्ताका नामः (अंगजीमा)

..............................................................................................................

जन्म मितिः ..............................

| | | | | |
|---|---|---|---|---|
| लिङ्गः | पुरुष | ☐ | महिला | ☐ |
| दलितः | हो | ☐ | | ☐ |
| अपाङ्गः | छ | ☐ | छैन | ☐ |
| आदिबासी/जनजातीः | हो | ☐ | होइन | ☐ |
| मधेशीः | हो | ☐ | होइन | ☐ |

रेड कार्यान्वयन केन्द्रमा कार्यरत कर्मचारी (भएमा उल्लेख गर्ने) ...........................

बाबुको नामः ....................................................... आमाको नामः .............................................

सम्पर्क टेलिफोन नं .......................... मोबाइल नं ........................ इमेलः ......................................

स्थायी ठेगानाः जिल्ला .................................स्थानीय तह ......................................वडा नं.............

शोधपत्र अनुसन्धानको शिर्षक :

..............................................................................................................................................

.....................................................................................................................

अध्ययनरत शैक्षिक संस्थाको नाम :

......................................................................................................

शैक्षिक योग्यता (अधिल्लो शैक्षिक यागयता पहिला क्रममा लेखे)

| अध्ययनको तह | अध्ययन गरेका संस्था | उत्तीर्ण वर्ष | प्राप्तांक प्रतिशत/ग्रेड | मूख्य बिषय |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

शोधपत्र सुपरिवेक्षण गर्नेकोः
नाम थरः
पदः
दस्तखतः
छाप (विभाग/कलेज):

शोधपत्र कर्ताकोः
नाम थरः
दस्तखतः
स्थायी ठेगानाः
नागरिकता नं.:
जारी गर्ने जिल्लाः
जारी मितिः

## अनुसूची-३

## शोधपत्र प्रस्तावको ढाँचा

शोधपत्र प्रस्तावको ढांचा देहाय बमोजिम हुनुपर्ने छ ।

शिर्षक (Title of the Research Study)

सारसंक्षेप (Abstract)

१. परिचय (Introduction)

२. औचित्यता (Rationale of The Study)

३. पूर्वकार्यको अध्ययन (Review of Literature)

४. अध्ययन क्षेत्र (Study Area)

५. उदेश्य (Objective)

६. सैद्वान्तिक ढाँचा (Conceptual framework)

७. अनुसन्धान विधि (Methodology)

८. आसातित उपलब्धि (Expected Outcomes)

९. कार्य योजना (Work Plan)

१०.बजेट/खर्च बिवरण (Cost Estimate):

११. सन्दर्भ सामग्री (References)

### शोधपत्र प्रस्तावको टेम्प्लेट

**Main title, subtitle**: Times New Roman, 12 pt, bold, नेपालीमा भए एरियल युनिकोड, १२ बोल्ड

**Main body**: Times New Roman, 12 pt, justify, नेपालीमा भए एरियल युनिकोड, १२ justify

**Table name, Figure caption**: Times New Roman, 10 pt, justify, नेपालीमा भए एरियल युनिकोड, १२ justify

**References:** Any standard format

**Paragraph**: Auto, Auto

**Line spacing**: 1.5

**Paper size**: A4

**Margin:** Normal

सारसंक्षेप Abstract: बढीमा २५० शब्द (अंग्रेजी र नेपाली दुवै भाषामा)

## अनुसूची-४

## शोधपत्र प्रस्ताव मुल्याङ्कनका आधारहरु

| सि.नं. | मूल्याङ्कनका आधारहरु | अंकभार | अंकभारको थप वर्गिकरण | | |
|---|---|---|---|---|---|
| | | | | स्नातक | स्नातकोत्तर |
| १ | शैक्षिक योग्यतामा प्राप्त गरेको प्रतिशत | ४० | स्नातक तह-२० स्नातकोत्तर-प्रथम वर्ष/(I, II Sem) – २० | प्रथम श्रेणी-२० द्वितीय श्रेणी-१८ तृतीय श्रेणी- १५ | प्रथम श्रेणी-२० द्वितीय श्रेणी-१८ तृतीय श्रेणी- १५ |
| २ | शोधपत्र प्रस्ताव | ६० | ढाँचा -५ | | |
| | | | शिर्षक - ५ | | |
| | | | औचित्यता — १० | | |
| | | | उद्धेश्य - ५ | | |
| | | | पूर्व कार्यको अध्ययन — १० | | |
| | | | अनुसन्धान विधि-२० | | |
| | | | आसातित उपलब्धि - ५ | | |
| | जम्मा | १०० | | | |

नोटः प्रस्ताव तयार गर्दा कुनै लेखक, प्रकाशक, पुस्तक, शोधपत्र आदीको नक्कल गरी तयार गरेको पाइएमा स्वतः रद्द हुनेछ ।

Letter Grading System र GPA System को हकमा सोहि वमोजिम मूल्यांकन हुनेछ ।

## अनुसूची-५

## शोधपत्रमा समेटिनुपर्ने विषयवस्तुहरु

१. सारसंक्षेप (Abstract)

२. परिचय (Introduction)

२.१ पृष्ठभूमि (Background)

२.२ औचित्यता (Significance of the Work)

२.३ उद्धेश्य (Objective)

२.४ सैद्वान्तिक ढाँचा (Conceptual framework)

३. पूर्व कार्यको अध्ययन (Literature review)

४. अध्ययन क्षेत्र (Study area)

५. अनुसन्धान विधि (Research methods)

६. परिणाम (Results) र व्याख्या (Discussion)

७. निष्कर्ष (Conclusion) र सिफारिस (Recommendation)

सन्दर्भ सामग्री (References)

अनुसूचिहरु (Appendices)

## अनुसूची-६

## सम्झौता पत्रको नमुना

रेड कार्यान्वयन केन्द्र (यस पछि प्रथम पक्ष भनिएको) र .............................. (यस पछि दोस्रो पक्ष भनिएको) बीच शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने सम्बन्धमा यो सम्झौता गरी एक एक प्रति लियौं दियौं ।

१. दोस्रो पक्षले .......................... शिर्षकमा शोधपत्र तयार गर्नु पर्नेछ ।
२. मिति ................ भित्र शोधपत्र तयार गरी एक प्रति हार्ड कपि, सफ्ट कपि र डिजिटल तथ्यांकहरू पहिलो पक्षलाई बुझाउनु पर्नेछ । उक्त अवधि भित्र सोधपत्र तयार हुन नसकेमा सम्बन्धित सुपरिवेक्षकको स्वीकृतिमा सम्बन्धित शैक्षिक संस्थाको सिफारिस साथ शोधपत्र तयार हुन नसक्नुको कारण सहित दोस्रो पक्षले निवेदन पेश गरेमा पहिलो पक्षले म्याद थप गर्न सक्नेछ । थपिएको अवधि भित्र पनि दोस्रो पक्षले सोधपत्र तयार गर्न नसकेमा यो सम्भौता स्वतः बदर भएको मानिनेछ ।
३. दोश्रो पक्षले जम्मा रु. .....................प्राप्त गर्नेछ । यस सम्झौता पश्चात प्रथम किस्ता स्वरूप जम्मा रु. .....................सम्बन्धित शैक्षिक संस्थाबाट स्वीकृत शोधपत्रको प्रस्ताव पेश गरे पश्चात र अन्तिम किस्ता रु. ............................ प्राप्त गर्नेछ । अन्तिम किस्ता लिनुपुर्व शोधपत्रको मस्यौदा प्रथम पक्ष समक्ष पेश गरी प्रस्तुतीकरण गर्नुपर्नेछ ।
४. तोकिएको अवधि भित्र वा चालु आ. व. ......... भित्र सोधपत्र पेश गर्न नसकि बुंदा २ बमोजिम म्याद थप भएको अवस्थामा पेश्कीस्वरुप दोश्रो पक्षलाई रकम उपलब्ध गराइनेछ । थप समयमा समेत कार्य सम्पन्न नगरेमा पेश्की रकम फिर्ता गर्नुपर्ने र सो नगरेमा प्रचलित कानून अनुसार असुलउपर गरिने छ ।
५. शोधपत्र तयार गर्दा स्थलगत रुपमा प्राथमिक तथ्यांक (Primary Data) संकलन गरी आधिकारीक विवरण र तथ्यांकहरुलाई आधार बनाई गर्नु पर्नेछ । सन्दर्भ सामग्रीको रुपमा द्धितिय श्रोतको तथ्यांक (Secondary Data) प्रयोग गर्न सकिने छ । सोधपत्रको तथ्यांक र विवरणहरु झुठा देखिएमा पहिलो पक्षले दोस्रो पक्षलाई अनुसन्धान सहयोग भुक्तान गर्न बाध्य हुने छैन ।
६. दोश्रो पक्षले सोहि शिर्षकमा शोधपत्रको लागि अन्य निकायसंग सम्झौता गर्नेछैन । सो गरेको पाइएमा यो सम्झौता स्वतः समाप्त भएको ठानी पहिलो पक्षले दोस्रो पक्षलाई अनुसन्धान सहयोग भुक्तान गर्न बाध्य हुने छैन ।
७. पहिलो पक्षले दोस्रो पक्षलाई तोकिएको अनुसन्धान सहयोग बाहेक अन्य केही सुविधा उपलब्ध गराउने छैन ।
८. शोधपत्र तयार गर्दा हुने सम्पुर्ण कार्यको जवाफदेहीता र उत्तरदायित्व दोस्रो पक्षको हुनेछ । शोधपत्र तथा त्यसपछी गर्न सकिने लेख/रचनाहरुको प्रकाशनमा प्रथम पक्षलाई acknowledge गरेको हुनुपर्नेछ ।
९. शोधपत्र तयार गर्दा उत्पादन भएका डाटाहरुको digital copy अन्तिम किस्ता बुझ्नुअघि प्रथम पक्ष

समक्ष पेश गर्नुपर्नेछ । साथै शोधकर्ताले शोधपत्र अन्तराष्ट्रिय मान्यता प्राप्त जरनल वा FRTC वाट प्रकाशन हुने वनको जानकारीमा प्रकाशन हुने Format मा Synthesis Article अनिवार्यरुपमा पेश गर्नुपर्नेछ ।

१०.अन्य कुराहरु प्रचलित कानून अनुसार हुनेछ ।

| सम्झौताको दोस्रो पक्ष | साक्षी | सम्झौताको प्रथम पक्ष |
|---|---|---|
| नामः | नामः | नामः |
| स्थायी ठेगानाः | पदः | पदः |
| सम्पर्क नम्बरः | दस्तखतः | दस्तखतः |
| नागरिकता नं.ः | मितिः | मितिः |
| जारीगर्ने कार्यालयः | | कार्यालयको छापः |
| दस्तखतः | | |
| मितिः | | |

पान नं. :

बैंक खाताको विवरणः